# श्री रानीवन सामुदायिक वन उपभोक्ता समूह

दोर्दी गा.पा.-२, सल्लाबोट, लमजुङ ।

<u>बोलपत्रद्वारा चिरान काठ लिलाम बिक्रीको सूचना ।</u>

*(प्रथम पटक प्रकाशित मिति २०८३/०१/३०)*

यस सामुदायिक वनमा साल प्रजातिका रुख कटान, मुछान, चिरान गर्दा उत्पादन भई दोर्दी-२, सुंगुरेपानीमा घाटगद्धी भएका तपसिल बमोजिमको काठ डिभिजन वन कार्यालयको च.नं. २०१८ मिति २०८३/०१/२९ को लिलाम सहमती पत्र अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नु परेकोले लिलाम हुने काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी यो सूचना प्रकाशित गरिएको छ । लिलाम प्रतिस्पर्धामा भाग लिन ईच्छुक काठ, दाउरामा आधारित सूचिकृत उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र फाराम खरिद गरि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

<u>तपसिल</u>

१. वन पैदावारको विवरण

| लट नम्बर | प्रजाति | किसिम | थान | परिमाण (क्यूफिट) | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|
| १ | साल | चिरान | ६८१ | ८१६।५१ | १४,२८,८९२।५० | ३,५२,०६८।- |

२. वोलपत्र फाराम दस्तुर, फाराम खरिद गर्ने अन्तिम मिति, पेश गर्नुपर्ने अन्तिम मिति र बोलपत्र खोल्ने मिति, समय र स्थान

(क) वोलपत्र फारम दस्तुरः प्रति फाराम रु. २,०००।- (पछि फिर्ता नहुने गरी) यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट र डिभिजन वन कार्यालय लमजुङबाट बैंक भौचर वा नगदी रसिद मार्फत खरिद गर्न सकिनेछ ।

(ख) वोलपत्र खरिद गर्ने मिति र समयः २०८३/०१/३० गते बुधवार देखि २०८३/०२/१९ गते मंगलबार सम्म कार्यालय समय भित्र) (दिनको १० बजेदेखि ५ वजे सम्म) । अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सम्म खरिद गर्न सकिनेछ ।

(ग) वोलपत्र पेश गर्ने मिति, समय र स्थानः २०८३/०२/२० गते बुधबार दिनको॰१२ बजे सम्म उपभोक्ता समूह र डिभिजन वन कार्यालय, लमजुङमा पेश गर्न सकिनेछ । उल्लिखित समय पछि आएका बोलपत्र फारामलाई लिलाम प्रकृयामा समाबेश गरिने छैन ।

(घ) वोलपत्र खोल्ने मिति, समय र स्थानः पेश भएका बोलपत्रहरु मिति २०८३/०२/२० गते बुधवार अपरान्ह ३ वजे सम्बन्धित बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि, सवडिभिजन वन कार्यालय, दोर्दीका कर्मचारी र अन्य सरकारी निकाय (वडा कार्यालय आदि) को प्रतिनिधिको रोहवरमा सा.व.उ.स.को कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट बोलपत्र खोलिनेछ ।

३. लिलाममा भाग लिन ईच्छुक बोलपत्रदाताले काठ दाउरामा आधारित उद्योग दर्ता/नविकरण तथा सूचिकृत प्रमाणपत्र, मूल्य अभिबृद्दि कर दर्ता वा स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र, आ.व. २०८१/८२ को करचुक्ता भएको प्रमाणपत्र र कसैलाई आधिकारीक प्रतिनिधि तोकेको भए सोको पत्र र निजको नागरिकता प्रमाणपत्र बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

४. वोलपत्र साथ कबुल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक, सुन्दरबजार शाखामा रहेको SHREE RANIBAN SAMUDAYIK BAN UPABHOK खाता नं. 3670100000026001 मा जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि मान्य भएको बैंक ग्यारेन्टी पत्र (बिडबण्ड) पेश गर्नुपर्नेछ ।

५. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. बोलपत्र लिलाम बिक्री सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समूहको कार्यसमितिमा रहनेछ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिनभित्र सकारकर्ताले सकार गरेको रकम, संकलन खर्च, मूल्य अभिबृद्दि कर र प्रदेश सेवा शुल्क रकम समेत बुझाई लिलाम सकार गरेको काठ आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।

८. बोलपत्र सकार गरिएको रकम, संकलन खर्च, मू.अ.कर र प्रदेश सेवा शुल्क निर्धारित समय भित्र दाखिला नगरेमा वा लिलाम सकार गरेको काठ लैजान ईन्कार गरेमा धरौटी स्वरुप दाखिला गरेको रकम जफत गरि नियमानुसार दोश्रो धेरै रकम सकार गर्ने फर्मको नाममा लिलाम सदर गरिनेछ ।

९. अन्य थप जानकारीको लागि उपभोक्ता समूहको कार्यालय, डिभिजन वन कार्यालय र सवडिभिजन वन कार्यालय, दोर्दीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१०. यसमा उल्लिखित कुनै बिषयमा कुरा बाझिएमा वा अष्पष्ट भएमा प्रचलित वन ऐन, नियम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

श्री रानीवन सामुदायिक वन उपभोक्ता समूह, दोर्दी-२, १, लमजुङ

.....................
जीवन गुरुङ
अध्यक्ष
सम्पर्क नं. ९८४९४३२१२६